मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.

Madhya Bhotekoshi Jalavidyut Company Limited

वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौं, नेपाल, फोन नं. ०१-४७२१६४१, ४७२१६४२
फ्याक्सः ४७२१६४३, इमेलः admin@mbjcl.com.np, वेभसाइटः www.mbjcl.com.np
को

साधारण शेयरको सार्वजनिक निष्कासन तथा बिक्री खुल्ला

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको प्रति शेयर रू.१००/- अंकित दरको १,४४,००,००० कित्ता साधारण शेयरहरू मध्ये **पहिलो चरणमा** ११७,००,००० कित्ता साधारण शेयरहरू कर्मचारी संचयकोषका संचयकर्ताहरूको लागि **आज मिति २०७५/०७/२८ देखि साधारण शेयरको सार्वजनिक निष्कासन खुल्ला गरिएको छ ।**

आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरू:

१. यस निष्कासनमा मिति २०६८/०८/२२ मा बहाल रहेका र सो मितिदेखि विवरणपत्र स्वीकृत भएको मिति २०७५/०६/२९ सम्ममा थप भएका कर्मचारी संचय कोषमा रकम संचित गर्ने संचयकर्ताले मात्र दरखास्त दिन पाउनेछन् ।
२. यस निष्कासनका लागि आवेदन लिन सि.डि.एस. एण्ड क्लीयरिङ्ग लि. ले विकास गरेको C-ASBA प्रणालीमा श्री कर्मचारी संचय कोषबाट उपरोक्त अवधिमा कायम रहेका योग्य दरखास्तवालाहरूको तथ्यांक उपलब्ध रहेको छ । उक्त तथ्यांकमा कुनै कारणवश समावेश नभएका योग्य व्यक्तिले श्री कर्मचारी संचय कोषका सम्पर्क व्यक्ति श्री दिनेश कुमार के.सी. (मो. नं. ९८५१२२८९६५) लाई सम्पर्क गर्नुहुन वा आफूलाई पायक पर्ने कर्मचारी सञ्चयकोषको कार्यालयमा सम्पर्क राखि समस्याको समाधान गर्न सक्नु हुनेछ ।
३. आवेदन दिंदा यो सूचनामा तोकिएको अवधि मिति २०७५/०७/२८ देखि २०७५/०८/१४ गते भित्र दिईसक्नु पर्नेछ । उक्त अवधी पश्चात् कुनै आवेदन नलिईने तथा त्यस्तो आवेदन बाँडफाँटमा समावेश गरिने छैन ।
४. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्कासनमा Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत दरखास्त संकलन गर्न आवद्ध आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरूबाट दरखास्त दिन सक्नेछन् । यसरी दरखास्त लिन सक्ने बैक तथा वित्तीय संस्थाको विवरण CDS and Clearing Limited ले आफ्नो वेवसाईट www.cdscnp.com मा Registered Banks in C-ASBA अर्न्तगत उल्लेख गरेको छ ।
५. दरखास्त दिंदा सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले उपलब्ध गराएको दरखास्त फाराम भरी श्री कर्मचारी सञ्चय कोषले जारी गरेको संचयकर्ता परिचयपत्रको प्रतिलिपि समावेश गर्नुपर्नेछ । तत्काल संचयकर्ता परिचयपत्र समावेश गर्न नसक्ने दरखास्तवालाको हकमा संचयकोषमा निजको संचित रकम जम्मा गर्ने निज कार्यरत कार्यालयले जारी गरेको कर्मचारी परिचयपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ ।
६. तोकिएको अवधीमा संचयकर्ता कायम रही यस निष्कासनमा दरखास्त दिन पाउने तर अवकाश प्राप्त भई संचयकर्ता परिचयपत्र नभएका दरखास्तवालाको हकमा दरखास्तका साथ पेन्सन पट्टाको प्रतिलिपी वा श्री कर्मचारी संचय कोष वा निजले अवकाश प्राप्त गरेको संस्थाको सिफारिस पत्र, नागरिकताको प्रतिलिपि र कोष परिचयपत्र नं. समावेश गर्नुपर्नेछ ।

C-ASBA सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुले दरखास्त बुझिलिंदा गर्नु पर्ने कार्य:

यस निष्कासनका लागि सि.डि.एस. एण्ड क्लीयरिङ्ग लि. ले विकास गरेको C-ASBA प्रणालीमा उपलब्ध श्री कर्मचारी संचय कोषले उपलब्ध गराएको तथ्यांक (Data) बाट दरखास्तवालाको रूजु गरेर मात्र दरखास्त बुझिलिनु पर्नेछ र उक्त दरखास्त सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सहभागी बैंकहरूलाई उपलब्ध कार्य निर्देशन (Operation Manual) बमोजिम C-ASBA प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।

यस निष्कासन सम्बन्धी विस्तृत जानकारीको लागि "मिति २०७५ कार्तिक १५ गतेको कारोबार" दैनिकमा प्रकाशित आव्हान-पत्र वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड तथा सह-निष्कासन तथा बिक्री प्रबन्धकहरु क्रमशः प्रभु क्यापिटल लिमिटेड, सिभिल क्यापिटल मार्केट लिमिटेड, लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, सिविआईएल क्यापिटल लिमिटेड, सानिमा क्यापिटल लिमिटेड र एनआईबिएल एस क्यापिटल लिमिटेडको वेवसाइटमा हेर्नुहुन अनुरोध गर्दछौं।

शेयर निष्कासन बन्द हुने मिति : पहिलो चरण : २०७५/०८/१४ गते (बैंकिङ्ग समय पश्चात्)

कम्पनीको विगत तीन वर्ष तथा आगामी तीन वर्षको वित्तीय विवरण:

विवरण	वास्तविक		अपरिष्कृत	प्रक्षेपित			
	आ.व. २०७२/७३	आ.व. २०७३/७४	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व.२०७७/७८	आ.व.२०७८/७९
प्रति शेयर नेटवर्थ (रु.)	१००।-	१००।-	१००।-	१००।-	११४।-	१३२।-	१४६।-
प्रति शेयर आम्दानी (रु.)	(०.५६)	(०.६७)	(०.२४)	०.१७	१४.०९	१७.५७	२१.४२
सञ्चित मुनाफा/(नोक्सान) (रु. हजारमा)	(८४,८५२)	(१०४,१२८)	(१११,४९३)	१०,२२६	८५५,८०६	१,९०९,८३२	२,७७४,८६०

*आन्तरिक लेखापरीक्षणबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण

प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:

कम्पनीको प्रक्षेपित वित्तीय विवरण अनुसार निर्माण अवधिको ब्याज सहित:
आयोजनाको प्रति मेगावाट लागत : रू.१६०,८२७,०००/-
आयोजनाको कूल लागत : रू.१६,४०४,३४८,०००/-

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:

इजाजत पत्र वहाल रहने अवधि मिति २०७०/०८/१८ देखि २९०५/०८/१७ सम्म रहेकोले ३५ वर्ष बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) : ७.५४ वर्ष
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) : १४.२८ वर्ष

क्रेडिट रेटिङ्ग सम्बन्धमा

यस विवरण पत्र अनुसार साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिंग नेपाल लि., जमल, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई "केयर एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "केयर एनपि आईपिओ ग्रेड ४+" ले Below Average Fundamentals भन्ने बुझिन्छ । केयर रेटिंग नेपालले १ देखि ५ प्वाइन्टसम्ममा ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरण पत्रको अनुसूचीमा संलग्न गरिएको छ । केयर रेटिंग नेपाल लि. ले यस कम्पनीलाई मिति २०७५/०२/१८ (जुन १, २०१८) गतेको पत्रबाट क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको हो ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:

ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

सह-निष्कासन तथा बिक्री प्रवन्धकहरु:

NIBL ACE CAPITAL
पोष.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फयाक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोनः ४२२२९८७, फयाक्सः ४२२२८०२
Email: info@prabhucapital.com
Website: www.prabhucapital.com

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
पोष.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं
फोन: ४७८०२२२/४७८१५८२, फयाक्सः ४७८०५८३
Email : info@laxmicapital.com.np
Website: www.laxmicapital.com.np

SanimaCapital
नक्साल, काठमाडौं, नेपाल
फोनः ४४२८९५६/५७, फयाक्सः ४४२८९५८
Email : sanimacapital@sanimabank.com
Website: www.sanima.capital

सिभिल क्यापिटल मार्केट लि.
Civil Capital Market Ltd.
छैठौ तल्ला, CTC Mall, सुन्धारा, काठमाडौं
फोनः ४५६२३०३, ४२६१२५१
Email: ccm@civilcapital.com.np
Website: www.civilcapitalmarket.com

CBIL Capital Ltd.
सि बि आई एल क्यापिटल लि.
Spreading Prosperity, Enriching Lives.
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल
फोनः ४५१७७२३/४४१८६६७ फयाक्सः ४२३९३०६
Email : info@cbilcapital.com
Website: www.cbilcapital.com